# वागवानी विकास कार्यक्रमको अबधारणा तथा रणनीतिक सोंच

*गोपाल प्रसाद श्रेष्ठ**

**अवधारणा:**

वागवानी वालीमा आत्मनिर्भर भई सम्भाव्य वालीको कम लागत र व्यवसायिक परिमाणमा उत्पादन तथा उत्पादन विविधिकरण र मुल्य अभिवृद्धि गरी आन्तरीक बजारको माग आपूर्ति गर्दै अन्तराष्ट्रिय वजारमा प्रतिस्पर्धात्मक निर्यात प्रवर्द्धन गर्ने अवधारणा राखिएको छ । यसरी खाद्य सुरक्षा, रोजगारी तथा आय बृद्धि भई जीवनस्तर उकास्न सकिने छ ।

**रणनीतिक सोंच**

- Regional Basis मा Specialization गरेका सफलसिद्ध वागवानी बाली विशेषको Scale Up गर्न Growth Centre को अवधारणा अनुसार आवधिक योजना वनाई व्यवसायिक फलफूल, तरकारी, आलु, मसला बालि तथा अलंकारिक बाली कार्यकमलाई बजारसंग आबद्य गरी उत्पादनलाई उपभोक्तासम्म पुऱ्याउन Value Chain को आधारमा पूर्ण प्याकेजको अवसर सृजना गरी संचालन गर्नु पर्ने ।
- Horti Tourism समेतलाई मध्यनजर राख्दै Road Corridor को विकासको साथमा वागवानी वाली विशेषको सम्भाव्यता अध्ययन गराई थप पुर्वाधारको साथमा निजी क्षेत्र, सहकारी, सरकारी तथा गैह्सरकारी समेतको सहभागितामा सघन वागवानी विकास कार्यक्रमलाई अभियानकै रुपमा संचालन गर्न सहभागिता गराई प्रोत्साहन गर्नु पर्ने ।
- **एक गाउँ एक उत्पादन** (OVOP): सरोकारवाला समूहको प्रतिबद्धताका साथ निजि क्षेत्रको सम्लग्नतामा संभाव्य उत्पादन क्षेत्रमा निर्यात योग्य वागवानी जन्य बालिको उत्पादन बढाउने र आयात प्रतिस्थापन एंव निर्यात प्रबर्द्धन गर्नु पर्ने ।
- **जैविक विविधता कार्यक्रम:** Ecological Belt अनुसार बागवानीजन्य जैविक विविधतालाई समेटेर संकलन, अध्ययन, सम्बर्द्धन र मुल्याङ्कन गर्नु पर्ने ।
- ह्मलको परिप्रेक्षमा Action/Adaptive Research लाई कृषकको घरदैलोमा पुऱ्याउन प्राथमिकता दिनु पर्ने ।
- पूर्णरुपमा संचालन हुन नसकेका वागवानी फार्म । केन्द्रलाई दोहोरो मार्ग प्रणाली (Double Track System) द्वारा संचालन गर्दै लैजानु पर्ने ।
- निर्यात बस्तुका रुपमा अघि बढेको वागवानी बालीहरुलाई प्राङ्गारिक बागवानी बालीको रुपमा रुपान्तरण गर्दै जानु पर्ने र ती क्षेत्रमा Pest Rest Analysis गरी सो क्षेत्रलाई Pest Free Zone निर्धारण गर्नु पर्ने र Special Economic Zone मा विकास गर्ने ।
- संभाव्य जडीबुटीहरुलाइ फलफूल बगैंचा भित्र अन्तरबालीका रुपमा लिन खेती प्रबिधि विकास कार्य बागवानीले गर्नु पर्ने ।
- खाद्यसुरक्षालाई मध्य नजर गरी नमुना करेसाबारी प्रदर्शन मार्फत व्यापक प्रचार प्रसार गर्नु पर्ने ।
- Indigenous बागवानी जन्य बालीको उपयोगिता र प्रयोग तथा खेती प्रबिधिको विकास गर्नु पर्ने ।
- तरकारीका बर्णशंकर वीउ उत्पादन गर्न सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायको समन्वयमा संचालन गर्नु पर्ने ।
- फलफूलमा सिंचाई कार्यक्रमलाई आबद्ध गरी अन्तर बालि कार्यक्रमलाई बिस्तार गर्नु पर्ने ।

---

* कोषाध्यक्ष, नेपाल हर्टिकल्चर सोसाईटी

- बागवानी बालीमा Nursery Act तर्जुमा गरी लागु गर्नु पर्ने र सुन्तलाजात फलफूलमा आन्तरिक Quarentine लागु गरी Bud wood certification programme लाई Reinforce गरी कार्यान्वयन गर्नु पर्ने ।
- केरा र भुइऐसेलु, अलैंची आलंकारीक विरुवा जस्ता छोटो अवधिमा उत्पादन हुने वालीहरुमा तन्तु प्रजननबाट उत्पादित बिरुवाको प्रयोगमा बृद्धि गर्नु पर्ने ।
- Specialized जनशक्ति विकासमा जोड दिनु पर्ने
- School Horticulture मा प्रोत्साहन गर्नु पर्ने ।
- शहर उन्मुख Horticulture को प्रोत्साहन गर्नु पर्ने ।
- Environment Protection कार्यक्रमलाई बागवानी विकास कार्यक्रमसंग समाहित गर्दै लैजानु पर्ने ।
- बागवानी बिकासको मेरुदण्डको रुपमा रहेको अनुसन्धानलाई यथेष्ट श्रोतको ब्यवस्था हुनु पर्ने ।
- बागवानी बालीको लागि बाली बिमाको ब्यवस्था हुनु पर्ने ।
- बागवानी बालीको लागि छुट्टै जवाफ देही संस्थागत ब्यवस्था हुनु पर्ने ।